हामी सबैको रहर : शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर

**विराटनगर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**शैक्षिक प्रशासन महाशाखा**

विराटनगर, मोरंग

कोशी प्रदेश,नेपाल

प.स. २०८०/०८१

च.नं.:

---

मितिः- २०८०।०५।०६

**विषयः विषय विशेषज्ञ सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा विराटनगर महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त हुने स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण सहयोग अनुदान,बालविकस सहजकर्ता,विद्यालय कर्मचारी पदमा नियमानुसार करार सेवामा नियुक्ति गर्दा गठन गरिने छनौट समितिमा विषय विशेषज्ञको रुपमा रही कार्य गर्न र महानगरपालिकाबाट हुने अनुगमन तथा सुपरीवेक्षणमा विज्ञ भई काम गर्न इच्छुक देहायको योग्यता पुगेका शिक्षकहरूले निम्नानुसारको कागजात सहित तोकिएको ढाँचामा मिति २०८०/०५/२० गते सम्म शैक्षिक प्रशासन महाशाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१.माध्यमिक तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातकोत्तर र आधारभूत तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने।

२. विषय विशेषज्ञ हुन चाहेको तहमा कम्तीमा ५ बर्षको स्थायी सेवा अवधी पूरा गरी सम्बन्धित तह र विषयमा १० बर्षको शिक्षण अनुभव प्राप्त गरेको हुनुपर्ने।

३.प्राविधक धार सञ्चालित विद्यालयमा पढाई हुने प्राविधिक धार तर्फका विषय,कक्षा ११ र १२ तर्फ व्यवस्थापन अन्तर्गतका विषयहरू,कानूत तर्फका विषयहरूका लागि सम्बन्धित विषयमा स्नातकोत्तर गरी न्युनतम ५ (पाँच) बर्षको शिक्षण अनुभव प्राप्त स्थायी वा अस्थायी/करार शिक्षकले आवेदन दिन सक्ने।

४. जुन तहको विशेषज्ञ हुन चाहेको हो सोही तह उल्लेख गरी आवेदन दिनुपर्ने।

५. माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) को लागि विशेषज्ञ हुन चाहेको विषय समेत उल्लेख गर्नुपर्नेछ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको ट्रान्सकृप्ट,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,सम्बन्धित विषय शिक्षणसँग सम्बन्धित तालिम प्रमाणपत्रका प्रतिलिपी,स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपी, स्थायी/अस्थायी नियुक्ती पत्र पत्रको प्रतिलिपी।

पुनश्च

१. माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८ ) को लागी विशेषज्ञ विषयगत रुपमा सूचीकृत गरिनेछ।

२. विषय विशेषज्ञहरु तीन वर्षको लागि सूचीकृत हुनेछन्।

३. माथिल्लो तहमा सूचीकृत हुन चाहने विषय विशेषज्ञले. तल्लो तहको लागि समेत विशेषज्ञ हुन चाहेमा निवेदनमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ।

४.सम्बन्धित तह/विषयको सेवानिवृत शिक्षकले समेत आवेदन दिन सक्ने।

२०८०/५/६

कृष्ण भट्टराई

अधिकृत (सातौं)

पासपोर्ट
साइजको
फोटो

मितिः२०८०।०५।...

श्रीमान् शैक्षिक प्रशासन महाशाखा प्रमुखज्यू,
विराटनगर महानगरपालिका,मोरङ।

विषयःविशेषज्ञमा सूचीकृत हुन पाउँ भन्ने वारे।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ महानगरपालिकाको मिति २०८०।०५।०६ मा प्रकाशित सूचना बमोजिम म तपसिल बमोजिमको विवरण सहित विषय विशेषज्ञ पदमा योग्य भएकोले सूचनामा उल्लेखित कागजातहरू संलग्न गरी विषय विशेषज्ञमा सूचीकृतको लागि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

१.शिक्षकको नाम थरः

२. शैक्षिक योग्यताः

३. मूल विषयः

४.स्नातक तह उत्तीर्ण गरेको सालः.......................,मुल विषयः...............र श्रेणीः..................

५.स्नातकोत्तर तह उत्तीर्ण गरेको सालः.....................,मुल विषयः...............र श्रेणीः..................

६.सम्बन्धित विषय शिक्षण सिकाई सम्बन्धी तालिमको प्रकारः.....................,तालिमको अवधिः..........

७.स्थायी नियुक्ति मिति : शिक्षण अनुभवःस्थायी सेवा. ....... बर्ष ......महिना..... दिन

८.अस्थायी नियुक्ति मितिः शिक्षण अनुभवःअस्थायी सेवा ....... बर्ष ......महिना..... दिन

९. जम्मा सेवा.......वर्ष........महिना........ दिन मिति २०८०।०५।२० सम्म

१०.महानगरपालिकालाई आवश्यक हुँदा समय दिन सक्ने/नसक्नेः............

११. आवेदन गरेको तहः क) आधारभूत ख) माध्यमिक ग) क र ख दुबै

१२. विषयः

१३. सम्पर्क नंः

१४.ICT सम्बन्धी ज्ञान भए/नभएकोः

१५. कार्यरत विद्यालयको नाम ठेगानाः

उल्लेखित विवरणहरू सहि साँचो हो।यसमा फरक पर्ने छैन।विषय विशेषज्ञमा सूचिकृत भए पश्चात महानगरपालिबाट जारी आचारसंहिता पूर्ण रुपमा पालना गर्छु।साथै आवश्यक कागजातसमेत यसैसाथ संलग्न गरेको छु।

निवेदन
हस्ताक्षरः
नाम थरः
सम्पर्क नं.:
इमेल ठेगानाः